एनएमबी बैंकको सीईओमा घिमिरे

काठमाडौं, (नेस)

एनएमबी बैंकका प्रमुख कार्यकारी अधिकृत सुनिल केसीको कार्यकाल सकिएपछि उक्त पदमा गोविन्द घिमिरे नियुक्त हुनुहुने भएको छ। हाल सोही बैंकमा वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृतका रूपमा कार्यरत घिमिरेलाई बैंक सञ्चालक समितिले चार वर्षका लागि प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी दिने निर्णय गरेको हो।

सुनिल केसीले फागुन मसान्तमा आफ्नो दोस्रो कार्यकाल पूरा गर्दै हुनुहुन्छ। बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन अनुसार एउटै व्यक्तिलाई दुई कार्यकालभन्दा बढी प्रमुख कार्यकारी अधिकृत बनाउन पाइँदैन। घिमिरे सन् २००९ देखि नै बैंकमा आबद्ध हुनुहुन्छ। सन् १९९५ मा नेपाल बंगलादेश बैंकबाट बैंकिङ करियर शुरू गरेका उनले त्रिभुवन विश्वविद्यालयबाट एमबीएस र कानुनमा स्नातक गरेका छन्। बैंकको सञ्चालक समितिले अर्का नायब प्रमुख कार्यकारी अधिकृत सुदेश उपाध्यायलाई वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृतमा बढुवा गर्ने निर्णय गरेको छ।

ग्लोबल आइएमई बैंकको 'म उद्यमी कर्जा'

नेपाल समाचारपत्र, काठमाडौं

ग्लोबल आइएमई बैंकले साना तथा मझौला उद्यमी लक्षित ग्लोबल 'म उद्यमी कर्जा' सार्वजनिक गरेको छ। महिला उद्यमीहरूलाई वित्तीय सहजीकरण गर्ने उद्देश्यसहित रोजगारीको विकास, सामाजिक विकास र स्थानीय समुदायहरूमा आर्थिक सशक्तीकरणमा सहयोग पुग्ने गरी बैंकले उक्त कर्जा ल्याएको हो।

यस योजनाले महिलाहरूलाई उद्यमी भई व्यवसाय सञ्चालन गर्न प्रोत्साहित गर्नेछ। महिलाहरूले नेतृत्व गरेको कृषि, उत्पादन, प्रसोधन तथा बजारीकरण क्षेत्रको घरेलु, साना तथा मझौला उद्योगलाई बैंकले विशेष प्रथमिकता दिइ कर्जा प्रदान गर्नेछ।

यस योजनाअन्तर्गत न्यूनतम ब्याजदरमा महिला उद्यमीहरूलाई १० करोड रुपियाँसम्मको कर्जा प्रदान गर्दछ। महिलाहरूको कम्तीमा ५० प्रतिशत स्वामित्व भई उहाँहरूकै नेतृत्वमा व्यवसाय सञ्चालन भएका व्यावसायहरू मात्र यस कर्जाका लागि योग्य हुनेछ। यो कर्जा योजनाअन्तर्गत ग्लोबल 'म उद्यमी कर्जा' लिंदा बैंकले उद्यमी डिजिटल उपहार प्रदान गर्नेछ।

क्लासिक टेकद्वारा महिला उद्यमीलाई आधा छुट

काठमाडौं, (नेस)

इन्टरनेट नेटवर्क सेवाप्रदायक कम्पनी क्लासिक टेकले अन्तर्राष्ट्रिय नारी दिवस (२०२५को अवसरमा उद्यमी महिलाहरूको लागि ५० प्रतिशत फ्ल्याट डिस्काउन्टमा उद्यमी प्याकेज अफर सार्वजनिक गरेको छ।

यस प्याकेजमा ६० एमबीपीएस वार्षिक १७ हजार ९५० रुपियाँको ५० प्रतिशत फ्ल्याट डिस्काउन्टमा ८ हजार ९७५ रुपियाँ, १२० एमबीपीएस वार्षिक ३४ हजार २२२ रुपियाँको ५० प्रतिशत फ्ल्याट डिस्काउन्ट १७ हजार १११ रुपियाँ र २०० एमबीपीएसको वार्षिक ४६ हजार १९५ रुपियाँको ५० प्रतिशत फ्ल्याट डिस्काउन्टमा २३ हजार ९७ रुपियाँमा उपलब्ध रहेको कम्पनीले जनाएको छ। यस अफर प्राप्त गर्नको लागि कम्पनी महिलाको नाममा दर्ता भएको हुनुपर्ने छ।

यामाहा डब्लुआर १५५ आर लन्च

काठमाडौं, (नेस)

यामाहा नेपालले अन-रोडर अफ-रोड एड्भेन्चरको लागि डिजाइन गरिएको बहुप्रतिक्षित अल्टिमेट डुअल पर्पोज मोटरसाइकल यामाहा डब्लुआर १५५ आर सार्वजनिक गरेको छ।

यो यामाहाको डुअल-पर्पोज सेगमेन्टमा नवीनतम अफर हो। जुनरोड पर्फर्मेन्समा सम्झौता नगरी अफ रोड सवारीको रोमाञ्च खोज्नेहरूका लागि डिजाइन गरिएको छ। यसमा १५५सीसी लिक्विड-कूल्ड, भीभीए इन्जिन यामाहाको उन्नत प्रविधिबाट तयार गरिएको छ। त्यस्तै हल्का तौल र टिकाउ फ्रेम - अफ रोड ट्रेलहरूमा उत्कृष्ट गतिशीलता र सहनशीलताको लागि डिजाइन गरिएको कम्पनीले जनाएको छ।

लङ ट्राभल सस्पेन्सन, २४५ मि.मि. उच्च ग्राउन्ड क्लियरेन्सर, २१ इन्च फ्रन्ट ह्वीललगायतका सुविधा रहेको कम्पनीले जनाएको छ।

बुढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हात्तीगौंडा, काठमाडौं
बागमती प्रदेश, नेपाल

बोलपत्र मूल्याकंन स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८१/११/२५
नेपाल सम्वत् ११४५

यस कार्यालयद्वारा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम यस कार्यालयको तपशिलको कार्यको मूल्यांकन गर्दा तपसिलका बोलपत्र न्युनतम मूल्यांकित र सारभूतरुपमा प्रभावग्राही भएको हुनाले सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित) को दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धि यो सूचना सबैको जानकारीको लागि प्रकाशित गरिन्छ ।

सि.नं	ठेक्काको नाम, नं.	बोलपत्रदाताको नाम, ठेगाना	कबोल अंक मु.अ.क र PS बाहेक
1.	Road Pavement works at Chapali gau, Panchakanya and Madhya pasikot, ward no-04 (NCB/BNP/CW/081_082/14)	Sundari Kanya Nirman Sewa, Kathmandu	54,08,158.10

प्रमुख प्रशासकीय अधिकृत

समृद्धि फाइनान्सको आयोजनामा रक्तदान

काठमाडौं, (नेस)

समृद्धि फाइनान्स कम्पनीको आयोजनामा पुतलीसडकमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ। काठमाडौं महानगरपालिका र नेपाल रेडक्रस सोसाइटीको सहकार्यमा आयोजित उक्त कार्यक्रममा ७२ पिन्ट रगत संकलन गरिएको थियो।

समृद्धि फाइनान्सले यसअघि इटहरी शाखा र जनकपुर शाखामार्फत पनि रक्तदान कार्यक्रम आयोजना गरिसकेको छ। यस महिनाभर तीनवटै शाखाबाट जम्मा १३१ पिन्ट रगत संकलन भएको छ। नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रियस्तरको समृद्धि फाइनान्स कम्पनीले हाल १३ वटा शाखाहरूमार्फत कारोबार गर्दै आएको छ।

Invitation for Bids

Bagmati Rural Municipality
Office of the Rural Municipal Executive
Bhattedanda, Lalitpur
Bagmati Province, Nepal

Invitation for Bids No.: BAGL/NCB/WORKS/081/082-05

Date of publication: 03-09-2025

1. Bagmati Rural Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the **Naya Gaun Maire Khanepane yojana ward no.3** under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. (in NRs) 6959823.62 (Exclusive of VAT and Contingencies)
2. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit a non-refundable fee of NRs. 3000.0 for the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: Kumari Bank Ltd.
   Name of the Office: Bagmati Rural Municipality
   Office Account no: **0790034694200007**
   Rajaswa (revenue) Shirshak no: GA-03
3. Pre-bid meeting shall be held at the date and time given in the bid document.
4. Sealed or electronic bids must be submitted to the office Bagmati Rural Municipality, Bhattedanda, Lalitpur, Bagmati Province, Bagmati Gaupalika, Nepal by hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 04-08-2025 12:00. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 04-08-2023 14:00 at the office of Bagmati Rural Municipality Bhattedada Lalitpur Bagmati Province Bagmati Gaupalika Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 209000, which shall be valid for 30 days beyond the validity period of the bid.

Chief Administrative Officer

नबिल बैंक लिमिटेड, न्यूरोड भानुचोक, नेपालगंज शाखा बाँकेको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति : २०८१/११/२५)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीले तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८०/०३/२६ को आर्थिक अभियान पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसै ले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकका **न्यूरोड भानुचोक, नेपालगंज शाखा**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरे मा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

तपसिल

ऋणीको नाम र ठेगानाको विवरण

विन्द्र कुर्मीको नाति, सूर्यलाल बर्माको छोरा, बाँके जिल्ला भवानीपुर गा.वि.स वडा नं ३ स्थायी घर भई हाल बाँके जिल्ला, नेपालगंज उ.म.न.पा वडा नं. १४ बस्ने नागरिकता नं. ९२५३, (जारी मितिः २०५९/०३/०२, स्थान बाँके) भएको **मनोज कुमार वर्मा ।**

जमानतकर्ताको नाम र ठेगानाको विवरण

राम सुख वर्माकी छोरी, सूर्यलाल बर्माकी बुहारी, मनोज कुमार वर्माकी श्रीमती बाँके जिल्ला, सितापुर गा.वि.स वडा नं. ३ स्थायी घर भई हाल बाँके जिल्ला, नेपालगंज उ.म.न.पा वडा नं. १४ बस्ने नागरिकता नं. ७०९३, (जारी मितिः २०५७/११/१८, स्थान बाँके) भएकी **बिजिता बर्मा ।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरणः
बाँके जिल्ला, सितापुर गा.वि.स वडा नं. ३ स्थायी घर भई हाल बाँके जिल्ला, नेपालगंज उ.म.न.पा वडा नं. १४ बस्ने **बिजिता बर्मा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बाँके जिल्ला, नेपालगंज न.पा., वडा नं. १७ मा अवस्थित कि.नं. १०७ क्षेत्रफल १५० वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **न्यूरोड भानुचोक, नेपालगंज शाखा, बाँके**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/१२/१० गते ३:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **न्यूरोड भानुचोक, नेपालगंज शाखा, बाँके**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/१२/११ गते ३:०० बजे बैंकको **न्यूरोड भानुचोक, नेपालगंज शाखा, बाँके**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहा जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **न्यूरोड भानुचोक, नेपालगंज शाखा, बाँके**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
पूर्वाधार विकास कार्यालय
स्याङ्जा

प्राविधिक प्रस्तावमा छनौट भएका बोलपत्रहरुको आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

(प्रकाशित मिति : २०८१/११/२५)

यस कार्यालयबाट तपसिल बमोजिमको कार्यका लागि आव्हान गरिएको बोलपत्र सम्बन्धी सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावमा योग्य रहेका तपसिल बमोजिमका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव सार्वजनिक खरिद नियमवाली २०६४ को नियम ३१ (ज) को उपनियम ५ बमोजिम तपसिलमा उल्लेख भएको मिति, स्थान र समयमा आर्थिक प्रस्ताव खोलिने भएकोले सो समयमा उपस्थितिको लागि जानकारी गराइन्छ ।

तपसिल :

सि.नं.	कामको विवरण	प्राबिधिक मूल्यांकनमा छनौट भएका बोलपत्रदाताहरु	कैफियत
1.	Chinneko rukh dekhi Aahale Chityan hudai Nuwakot Kala Bhairab Jane Bato, Putalibazar Na.Pa. ward No. 05, Pauwaigaude; (Contract ID : IDOSYANGJA/NCB/W/R/94/081/82	M/S Rangkhola Siddha Baba Nirman Sewa, Syangja M/S R.E.B - K.N.S JV, Kathmandu M/S SSNS-SDC-GKC JV, Syangja M/S BMEC-DTC JV, Syangja M/S Ashika Construction and Builders, Kaski M/S ABNS-BEPT JV, Syangja	

आर्थिक प्रस्ताव खोल्नेःमिति : २०८१/१२/०३ समय : १३:०० बजे स्थान : पूर्वाधार विकास कार्यालय, स्याङ्जा

कार्यालय प्रमुख

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित । कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं । पोबनं २०४५ । फोनः ५३६११७९ । फ्याक्सः ४३१८९९०। Email: nepalsamacharpatra@gmail.com । प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ । सम्पादकः सागर पण्डित